
## अनुसूचि ११ : सामाजिकसञ्जाल फेसबुकलाई सामाजिक व्यवहार परिवर्तनकालागि कसरीसुरुआत तथा व्यवस्थित गर्न सकिन्छ


### आधिकारिक फेसबुक पेज कसरी सुरु गर्ने

आधिकारिक सन्देशहरू तपाईंले व्यक्तिगत प्रोफाइल पेजबाट नभएर आधिकारिक पेजबाट साझा/शेयर (share) गर्ने हुनाले सर्वप्रथम तपाईंले फेसबुक पेज बनाउनु पर्छ ।

https://www.facebook.com/pages/creation/मा जानुहोस् र तपाईंले स्क्रिनमा निम्न कुराहरू देख्नुहुनेछ ।




तपाईंले Business orBrand(व्यापारिकवा ब्राण्ड), वा CommunityPublic Figure (सामुदायिकवा सार्वजनिक व्यक्तित्व) को पेज बनाउन सक्नु हुन्छ । पछिल्लो चयन गर्नुहोस् । अब तपाईंले एउटा बक्स देख्नुहुनेछ, जसमा तपाईंको पेजको नाम राख्न सक्नुहुनेछ र पेजको प्रकार छान्न सक्नुहुनेछ । पेजको नामको स्थानमा आफ्नो कार्यालयको नाम लेख्नुहोस् । वर्गीकरणको स्थानमा Government (सरकारी)लेख्नुहोस्, तपाईलाई केही विकल्पहरू पनि दिइएका हुन्छन् । Government Organization (सरकारी सँगठन) छान्नुहोस् । त्यसपछि Continue (कन्टिन्यु) मा क्लिक गर्नुहोस् ।





यसपछि तपाईंलाई प्रोफाइल फोटो र कभर फोटो राख्न प्रोत्साहित गरिने छ । प्रोफाइल फोटोको स्थानमा आफ्नो कार्यालयको लोगो राख्नुहोस् । कभर फोटोको स्थानमा आफ्नो कार्यालयलाई सबैभन्दा राम्री प्रतिनिधित्व गर्ने फोटो राख्नुहोस् । अब तपाई आफ्नो नयाँ पेजमा जान सक्नुहुन्छ ।


# फेसबुक पेजको व्यवस्थापन कसरी गर्ने

## निर्धारित कार्य गर्न आह्वान राख्ने

पेजमा, तपाईंलाई + Add a button (बटन थप्ने) विकल्प दिइएको हुन्छ, जहाँबाट तपाईंको पेजमा आउनेहरूलाई सेवाहरू प्रदान गर्न सकिन्छ ।





बटन थप्न तपाई सामु धेरै विकल्पहरू हुनेछन् । तपाईंको पेजमा आउनेहरूसँग संवाद गर्न इच्छुक हुँदा, contact you (तपाईंसँग सम्पर्क गर्ने) भन्ने बटन प्रयोग गर्नुहोस् । यदि कार्यालयको कुनै समर्पित (dedicated) फोन नम्बर छ जसबाट प्रश्नहरूको जवाफ दिन सकिन्छ भने call now (कल गर्नुहोस्) भन्ने बटन चयन गर्नुहोस् । अर्को pop-up box (पप-अप बक्स) मा, त्यो फोन नम्बर उपलब्ध गराउनुहोस् । जब तपाईंको पेजमा आउनेहरूले त्यो बटनलाई क्लिक गर्नेछन्, तब तिनीहरूलाई कुनै कार्य गर्न वा थप सूचना प्राप्त गर्नसक्ने स्थानमा पुग्नेछन् ।





## सन्देश मार्फत् अन्तरक्रिया

सबै व्यक्तिले फोन गरेर सूचना खोज्न वा अन्तरक्रिया गर्न रुचाउदैनन् त्यसैले तपाईंको पेजमा आउनेहरूले तपाईंलाई सन्देश पठाउनसक्ने प्ल्याटफर्म चाहनुहुन्छ ।


“Inbox” (इनबक्स) मा क्लिक गर्नुहोस् र “setting” (सेटिङ) मा जानुहोस् । “Prompt people to send messages (व्यक्तिहरूलाई सन्देश पठाउन संकेत) “On” (चालु गर्न) क्लिक गर्नुहोस् । यो गर्नासाथ, तपाईंको पेज हेर्ने आगन्तुकहरूले तपाईंलाई सन्देश पठाउने अनेक उपायहरू थाहा पाउनेछन्, जस्तै ओपन च्याट विन्डो (open chat window) । तपाईं अनलाइनमा भएको बेला वा तपाईंको पेज सन्देशहरू प्रति तुरुन्तै जवाफ दिने खालको भने यी कुराहरू देखिनेछन् ।





त्यस्तै “Help people start a conversation with your Page” (तपाईंको पेजमा अन्तरक्रिया सुरु गर्न व्यक्तिहरूलाई सहयोग गर्नुहोस्) भन्ने विकल्प पनि “On” मा क्लिक गर्नुहोस् । तपाईंको पेजमा आउनेहरूले अन्तरक्रिया सुरु गरुन् भनेर तपाईंले सर्वप्रथम कुनै विषय राख्नुपर्छ । तपाईंको कार्य वा उद्देश्यबारे व्यक्तिहरूले अन्तरक्रिया सुरु गर्न सजिलोका लागि तपाईंले "Frequently asked questions" ( बारम्बार सोधिएका प्रश्नहरू) देखाउनुपर्छ ।




तपाई अनलाइन नहुँदा वा कार्यालयको समय भन्दा बाहिरको समयकोलागि तपाईंको पेजमा आउनेहरूले सन्देश पठाए भने त्यसको जवाफ दिन, “Let people know when you can't get to your computer or phone”(आफ्नो कम्प्युटर वा फोन उपलब्ध नरहेको अवस्थामा अन्तरक्रिया जारी राख्ने) विकल्प “on” गर्नुहोस् । फेसबुकले आफै *“Hi <visitor's name> thanks for your message. We are not here right now, but we'll get back to you soon ”(हजुर <आगन्तुकको नाम> तपाईंको सन्देशका लागि धन्यवाद छ । हामी यसबेला यहाँ छैनौं, तर हामी तुरुन्तै तपाईं सामु हुनेछौं ।)* भन्ने जवाफ दिनेछ । तपाईंले “Change” (चेन्ज) बटन क्लिक गरेर यसलाई बदल्न सक्नुहुन्छ । यो सन्देश युनिकोडमा टाइप गरेर नेपालीमा पनि राख्न सक्नुहुन्छ । तपाईंले यो पेजमा सन्देश पठाउनेहरूलाई दिइने यो जवाफको समय-तालिका पनि फेर्न सक्नुहुन्छ ।





**आफ्नो पेजमा गरिएको पोष्टका स्रोता-दर्शकहरूमा Restrictions(निषेधित) राख्न सिक्नुहोस्**

तपाईंआफ्ना स्रोता-दर्शकहरू देशभित्रका मात्रै सीमित गर्न समेत सक्नुहुन्छ। यदि तपाईंले 'निषेधित' राख्नुहुन्छ भने, मापदण्ड पुरा गर्नेहरूले मात्र तपाईंको पेज हेर्नसक्छन्। तपाईंको पेज मनपराउने तर मापदण्ड पुरा नगर्नेहरू हटाइनेछन्। तपाईं आफ्नो पेजका निषेधितहरूलाई जनसुकै समयमा पनि फेर्न सक्नुहुन्छ, तर एक पटक हटाइएका व्यक्तिहरू उनीहरूले तपाईंको पेज पुन: लाइक नगरेसम्म जोडिने छैनन्।

याद गर्नुहोस्, यदि तपाईंको पेजमा देश वा उमेरका आधारमा निषेधित लगाइएको छ भने तपाईंले बाह्य साइटहरूमा आफ्नो पोष्टहरू शेयर गर्न सक्नुहुन्न।

**<u>देश निषेधित लगाउन वा सम्पादन गर्नुहोस्</u>Country Restrictions**

तपाई केही देशका व्यक्तिहरूलाई आफ्नो पेज देखाउन वा लुकाउनसक्नुहुन्छ। आफ्नो पेजमा देशहरू निषेधित लगाउन वा सम्पादन गर्न तपाईं एड्मिन (admin) बन्न आवश्यक छ। यदि तपाई एड्मिन (admin) हुनुहुन्छ भने:





- आफ्नो पेजको सिरानमा रहेको Settings (सेटिङ) मा क्लिक गर्नुहोस्।

- "General" (जेनेरल) बाट Country Restrictions (कन्ट्री रिस्ट्रिक्सन) मा क्लिक गर्नुहोस् ।
- एक वा एक भन्दा बढी देशहरू थप्नुहोस् र show or hide (देखाऊ वा लुकाऊ)मा चयन गर्नुहोस्
- **Save Changes**(सेभ चेन्जेज) मा क्लिक गर्नुहोस् ।

यदि कुनै पनि देश सूचिकृत गरिएको छैन भने तपाईंको पेज सबैले देख्न सक्नेछन् ।

**इनसाइटInsight**

आफ्नो पोस्टले के गरिरहेकोछ वा आफ्नो पेजमा अन्तरक्रिया कस्तो छ भनेर लेखाजोखा राख्न तपाईंले आफ्नो पेजको इनसाइट(Insight)मा हेर्नु आवश्यक हुन्छ । पेजको **इनसाइटहरू**हेर्न आफ्नो पेजको सिरानमा रहेको insight (इनसाइट) क्लिक गर्नुहोस् ।




थप सूचनाको लागि बायाँपट्टीको खण्डमा क्लिक गर्नुहोस् ।

**इनसाइटका बारे**

इनसाइटले तपाईंको पेजको कार्यसम्पादन (performance), जस्तै तपाईंका स्रोता-दर्शकहरूको जनसाङ्ख्यिक तथ्याङ्कर तपाईंका पोष्टहरू प्रति व्यक्तिहरूको प्रतिक्रियाबारे सूचना दिन्छ ।

याद गर्नुहोस् कि, पेजको Page Insights (इनसाइटस्)मा तपाईंले २ वर्ष सम्मका मात्र तथ्याङ्क(data) उपयोग हेर्न सक्नुहुनेछ र पेजको इनसाइटस्मा जनसाङ्ख्यिक, जस्तै उमेर, लिङ्ग तथा स्थान एक पटकमा १०० वा त्यो भन्दा बढी व्यक्तिको तथ्याङ्कउपलब्ध हुनेछन् । सामुदायिक पेजमा वर्गीकृत पेजको इनसाइटस् हुँदैन ।

तपाईं निम्न कामका लागि इनसाइट्स प्रयोग गर्न सक्नुहुन्छ:

- व्यक्तिहरू तपाईंको पेजमा कसरी संलग्न भइरहेका छन् भन्ने बुझ्न ।
- आफ्नो पेजको कार्यसम्पादन (performance) मापन (matrix) हेर्न ।
- सबैभन्दा बढी संलग्नता (engag´ent) भएका पोष्टहरूबारे जान्न र तपाईंका स्रोता-दर्शकहरू कहिले फेसबुकमा हुनेछन् भनी बुझ्न ।

**पेजको भूमिका (page roles)**

तपाईंको कार्यालयका एक भन्दा बढी व्यक्तिलाई तपाईंको आधिकारिक पेजमा पोष्ट वा अन्तरक्रिया गर्ने अधिकार हुन्छ । यसकारण तपाईंले यी व्यक्तिहरूलाई उपयुक्त भूमिकाहरू दिइयोस् भन्ने सुनिश्चित गर्न चाहनुहुन्छ ।

पेज व्यवस्थापन गर्ने व्यक्तिहरूका ६ प्रकारका भिन्न-भिन्न भूमिका हुन्छन् । जब तपाईं पेज बनाउनुहुन्छ तब तपाईं स्वत: 'पेजको एड्मिन' बन्नुहुन्छ, जसको अर्थ तपाईं आफ्नो पेजको रूपरङ्ग फेर्न सक्नुहुन्छ र पेज जसरी नै प्रकाशन गर्न सक्नुहुन्छ । एड्मिन (admin) ले मात्र भूमिकाहरू तोक्न र अरूका भूमिकाहरूलाई बदल्न सक्छ ।

याद गर्नुहोस् कि, कुनै एउटा पेजमा धेरै व्यक्तिहरूको भूमिका हुनसक्छ, तर प्रत्येक व्यक्तिलाई आफ्ना नीजि फेसबुक अकाउन्ट आवश्यक पर्छ । तलको तालिकामा पेजका ६ भूमिकाहरू (तेर्सो तिर) र तिनले के गनुपर्छ (ठाडो तिर) दिइएको छ :


| | व्यस्थापन Admin | सम्पादक Editor | मध्यस्थकर्ता Moderator | विज्ञापनकर्ता Advertiser | विश्लेषक Analyst | कार्य-व्यवस्थापक Jobs Manager |
|---|---|---|---|---|---|---|
| पेजको भूमिका र सेटिङ्स व्यवस्थापन गर्नुहोस् Manage Page roles and settings | ✔ | | | | | |
| पेज सम्पादन र एप्स थप गर्नुहोस् Edit the Page and add apps | ✔ | ✔ | | | | |
| पेजको रूपमा पोस्ट बनाउने र हटाउने गर्नुहोस् Create and delete posts as the Page | ✔ | ✔ | | | | |
| पेजको रूपमा सन्देशहरू पठाउनुहोस् Send messages as the Page | ✔ | ✔ | ✔ | | | |
| पेजमा कमेन्टहरू र पोस्टको जवाफ दिने र हटाउने गर्नुहोस् । Respond to and delete comments and posts to the Page | ✔ | ✔ | ✔ | | | |
| पेजबाट व्यक्तिलाई हटाउन र प्रतिबन्ध गर्नुहोस् । R´ove and ban people from the Page | ✔ | ✔ | ✔ | | | |
| विज्ञापनहरू, प्रवर्द्धनहरू वा बुस्ट गरिएका पोस्टहरू बनाउनुहोस् । Create ads, promotions or boosted posts | ✔ | ✔ | ✔ | ✔ | | ✔ |
| इनसाइटहरू हेर्नुहोस् । View insights | ✔ | ✔ | ✔ | ✔ | ✔ | ✔ |
| पेजको गुण तालिका हेर्नुहोस् । View Page Quality tab | ✔ | ✔ | ✔ | ✔ | ✔ | ✔ |
| पेजको रूपमा कसले पोस्ट गर्छ, हेर्नुहोस् । See who published as the Page | ✔ | ✔ | ✔ | ✔ | ✔ | ✔ |
| कार्यहरूको प्रकाशन र व्यवस्थापन गर्नुहोस् Publish and manage jobs | ✔ | ✔ | | | | ✔ |

आफ्नो पेजको भूमिकाहरू व्यवस्थापन गर्न तपाईं एड्मिन (admin) बन्नैपर्ने हुन्छ । आफ्नो भूमिका के हो राम्ररी बुझ्नुहोस् । पेजमा कति व्यक्तिको भूमिका हुने भन्ने कुनै सीमा छैन । पेजको प्रत्येक भूमिकामा के के गर्न सकिन्छ राम्ररी बुझ्नुहोस् ।

<u>कुनै व्यक्तिलाई भूमिका दिनुहोस् (Give someone a role)</u>

यदि तपाईं एड्मिन (admin) हुनुहुन्छ भने:

- आफ्नो पेजको सिरानमा रहेको Settings (सेटिङ) मा क्लिक गर्नुहोस् ।
- वायाँ स्तम्भको Page Roles (पेज रोल) मा क्लिक गर्नुहोस् ।
- Assign a New Page Role बक्समा नाम वा इमेल लेख्नुहोस् र देखिएको लिस्टबाट एक व्यक्ति छान्नुहोस् ।
- ड्रपडाउन मेनु (dropdown menu) बाट Editor (एडिटर ) मा क्लिक गर्नुहोस् ।
- एड (Add) मा क्लिक गर्नुहोस् र password to confirm मा आफ्नो पासवर्ड भर्नुहोस् ।




याद गर्नुहोस् कि, यदि तपाईंले थप्न (add) लागेको व्यक्ति आफ्नो फेसबुक मित्र छैनन् भने उनले तपाईंको invite (आमन्त्रण) लाई accept (स्वीकार) गरेको हुनुपर्छ, त्यसपछिमात्र उनले तपाईंलाई पेज व्यवस्थापन गर्न सहयोग गर्न सक्छन् ।

<u>भूमिका भएका कुनै व्यक्ति लाई हटाउने (Move Someone Who Has a Role)</u>

यदि तपाईं एड्मिन (admin) हुनुहुन्छ भने:

- आफ्नो पेजको सिरानमा रहेको Settings (सेटिङ)मा क्लिक गर्नुहोस् ।
- वायाँ स्तम्भको Page Roles (पेज रोल) मा क्लिक गर्नुहोस् ।
- आफूले हटाउन चाहेको व्यक्ति छेवैको Edit (एडिट) मा क्लिक गर्नुहोस् र त्यसपछि Move (हटाऊ)मा क्लिक गर्नुहोस् ।
- confirm (निश्चय) मा क्लिक गर्नुहोस् र password to confirm मा आफ्नो पासवर्ड भर्नुपर्ने पनि हुनसक्छ ।
- तपाईंले कुनै पनि समय आफूलाई पेजबाट हटाउन सक्नुहुन्छ, तर पेजको एड्मिन तपाईं मात्रै हुनुहुन्छ भने, पहिले तपाईंले अर्को एड्मिन (admin) को व्यवस्था गर्नुपर्ने हुन्छ ।

<u>कसैको भूमिका परिवर्तन गर्ने Change Someone's Role</u>

यदि तपाईं एड्मिन (admin) हुनुहुन्छ भने:

- आफ्नो पेजको सिरानमा रहेको Settings (सेटिङ) मा क्लिक गर्नुहोस् ।
- वायाँ स्तम्भको Page Roles (पेज रोल) मा क्लिक गर्नुहोस् ।
- तपाईंले भूमिका बदल्न चाहेको व्यक्ति छेउको Edit (सम्पादन) मा क्लिक गर्नुहोस् र पुनः ड्रपडाउन मेनुबाट (dropdown menu) नयाँ भूमिका (new role) चयन गर्नुहोस् ।
- सेभ (Save) मा क्लिक गर्नुहोस् र password to confirm मा आफ्नो पासवर्ड भर्नुपर्ने पनि हुनसक्छ ।

**टिप्पणी**: यदि तपाई नयाँ एड्मिन (admin) हुनुहुन्छ भने तपाईंले अर्को कुनै एड्मिन (admin) लाई हटाउन (Move) वा पद घटुवा (Demote) गर्न अगाडि७ दिन पर्खिनु पर्ने हुनसक्छ।